

**पर्यटन, विपर्यय र शिक्षा**

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

(३)

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ | सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता | राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com




❑ वर्ष-२१ ❑ अंक - १६५ ❑ २०८३ असार ०९ गते मंगलबार ❑ Tuesday, 23 June, 2026 ❑ मूल्य ७ /-

## सर्पदंशबाट वृद्धाको मृत्यु

**भद्रपुर/** झापाको गौरीगञ्ज गाउँपालिका-४ बाइसेटोलमा विषालु सर्पले डस्दा वृद्धाको मृत्यु भएको छ । गौरीगञ्ज-४ बाइसेटोलकी ८८ वर्षीया पञ्चमाया शेर्माको आइतबार साँझ विषालु सर्पले डस्दा निधन भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए ।

कुखुराको खोरको ढोका लगाउने क्रममा खोर नजिकै रहेको इँटाको थुप्रोबाट निस्किएको सर्पले पञ्चमायाको दाहिने हातको माझी औँलामा डसेको थियो । सर्पदंशबाट गम्भीर घाइते भएकी शेर्मालाई तत्काल उपचारका लागि बिर्तामोडस्थित बिएण्डसी अस्पताल लगिएको थियो ।

उपचारका क्रममा गएराती उनको मृत्यु भएको प्रहरीले जनाएको छ । शव हाल बिएण्डसी अस्पतालमा राखिएको छ भने घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## १६८ किलो गाँजा बरामद

**धरान/** सुनसरीको बराहक्षेत्र नगरपालिका-१ स्थित कोशी नदी किनारबाट प्रहरीले १६८ किलोग्राम गाँजा बरामद गरेको छ । ट्युबमाथि बाँसमा बाँधेर नौवटा प्लास्टिकका बोरामा लुकाइ राखिएको अवस्थामा ठूलो परिमाणको गाँजा फेला परेको हो ।

विशेष सूचनाका आधारमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको पीआईटी टोली र इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको संयुक्त प्रहरी टोलीले सोमबार बिहान गाँजा बरामद गरेको हो । नियमित गस्तीका क्रममा उक्त गाँजा बरामद गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

प्रहरीका अनुसार कोशी नदी किनारमा ट्युबमाथि बाँसमा बाँधेर राखिएको अवस्थामा नौवटा प्लास्टिकका बोराभित्र १६८ किलोग्राम गाँजा फेला परेको थियो। बरामद गाँजालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । गाँजा तस्करीमा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजीकार्यलाई तीव्र पारिएको प्रहरीको भनाइ छ ।

### नीति र नेतृत्वको परीक्षामा प्रथम राष्ट्रिय सम्मेलन

# पुरानाको खबरदारी र रास्वपाको भविष्य

✍ बिमल लामिछाने

**दमक/** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को ऐतिहासिक प्रथम राष्ट्रिय सम्मेलन नेपाली राजनीतिको एउटा असाधारण मोडका रूपमा देखा परेको छ । स्थापनाको छोटो अवधिमै सिंहदरबारको सत्ता र संसद्को शक्तिशाली सिटसम्म पुगेको रास्वपा अहिले विचार, संगठन र भावी नेतृत्वको अन्तिम कसरतमा जुटिरहँदा यसको उद्घाटन सत्रमा प्रस्तुत राजनीतिक परिदृश्य निकै अर्थपूर्ण देखियो ।

चितवन सम्मेलनको उद्घाटनमा उपस्थित प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूको अभिव्यक्ति र शुभकामना मन्तब्य केवल औपचारिकतामा मात्र सीमित थिएनन्, बरू यसले नेपाली राजनीतिमा रास्वपाको उदयले पारेको कम्पन र यसको भावी दिशालाई प्रष्ट्याएको छ ।

उद्घाटन सत्रको सबैभन्दा रोचक र रणनीतिक पक्ष विपक्षी तथा प्रतिस्पर्धी दलका शीर्ष नेताहरूको बाक्लो उपस्थिति रहनु हो । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले रास्वपा र कांग्रेस दुश्मन नभएर राजनीतिक प्रतिस्पर्धी भएको घोषणा गर्नुले पुराना स्थापित दलहरूले रास्वपाको 'असाधारण जनमत' र बलियो अस्तित्वलाई पूर्ण रूपमा स्वीकार गरेको




**समाचार विश्लेषण**

प्रमाणित गर्छ । कांग्रेस अर्काको खुट्टा काटेर वा अरूलाई फोहोर देखाएर नभई आफ्नै पार्टीको दुर्गन्ध हटाएर रास्वपाभन्दा अग्लो बन्न चाहने थापाको स्वीकारोक्तिले नेपाली राजनीति अब परम्परागत ध्रुवीकरणबाट माथि उठेर 'डेलिभरी' र कार्यशैलीको स्वस्थ प्रतिस्पर्धामा प्रवेश गरेको संकेत गर्दछ । यससँगै, इतिहासको ठूला बलिदानकै जगमा आज रास्वपाले आफ्नो अस्तित्व स्थापित गर्न पाएको स्मरण गराउँदै थापाले रास्वपा कार्यकर्तालाई आफ्ना नेताहरूप्रति अन्धभक्त नहुन र विगतमा पुराना दलले जस्तै नेतालाई 'भगवान्' वा 'बा' बनाउने गल्ती नगरी निरन्तर प्रश्न गर्ने आँट राख्न दिएको सुझाव निकै मार्मिक र मार्गदर्शक देखिन्छ ।

रास्वपामाथि लाग्ने गरेको वैचारिक अस्पष्टताको आरोपलाई चिर्दै नेकपा (एमाले) का नेता प्रदीप ज्ञवालीले रास्वपा नेतृत्वलाई आवेगभन्दा माथि उठेर लोकतान्त्रिक र संवैधानिक संस्थाहरूको सम्मान र सुदृढीकरणमा ध्यान दिन आग्रह गरे । निर्वाचन र जनमत केवल साधन मात्र भएकाले देशका संस्थाहरु कमजोर भएमा चुनावबाट प्राप्त भएको जनमत सधैँ टिकिरहन सक्दैन भन्ने ज्ञवालीको विश्लेषणले रास्वपालाई पपुलिजम (लोकप्रियतावाद) को जगबाट उठेर संस्थागत परिपक्वतातर्फ लम्किन सचेत गराएको छ ।

यसै सन्दर्भमा, नेकपा (माओवादी केन्द्र) का नेता वर्षमान पुनले सुशासन र भ्रष्टाचार नियन्त्रणका एजेन्डामा रास्वपासँग आफ्नो पार्टीको वैचारिक निकटता रहेको उल्लेख गर्दै राजनीतिमा बहुमतले विनम्रता सिक्नुपर्ने र अल्पमतले धैर्य गर्नुपर्ने निकै बाँकी ४ पेजमा ▸▸

## आरजु देउवासहित १८ जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**दमक/** ई-पासपोर्ट (राहदानी) छपाइसँग सम्बन्धित अनियमितता प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । गत असार २ गते पक्राउ परेका राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल, निर्देशक सुनीलकुमार केसी र कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवासहित १८ जनाविरूद्ध भ्रष्टाचार मुद्दा चलाएको हो ।

अख्तियारले गत असार २ गते अर्याललाई काठमाडौंबाट पक्राउ गरेको थियो । त्यसपछि जर्मन कम्पनी मुहलबाउरका नेपाली प्रतिनिधि मनिन्द्रराज मल्ल र राहदानी विभागका तत्कालीन लेखा अधिकृत तुलसीप्रसाद आचार्यलाई असार ३ गते पक्राउ गरिएको थियो ।

राहदानी छपाइ तथा खरिद प्रक्रियामा भएको भनिएको अनियमितताबारे अख्तियारले छानबिन गरिरहेको थियो। छानबिन सकिएपछि हाल हङकङमा पतिसँगै रहेकी आरजुविरूद्ध पनि मुद्दा चलाइएको हो ।

## ४३ अर्बभन्दा बढीका स्मार्टफोन आयात

**काठमाडौं/** नेपालमा स्मार्टफोन आयात निरन्तर बढिरहेको छ । भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षको पहिलो ११ महिनामा ४३ अर्ब ४५ करोड ४७ लाख रूपैयाँभन्दा बढी मूल्यका २० लाख ४१ हजार १९९ थान स्मार्टफोन आयात भएका छन् । गत आर्थिक वर्षको सोही अवधिमा ३२ अर्ब ८ करोड ७८ लाख रूपैयाँ बराबरका १९ लाख ७५ हजार ५१३ थान स्मार्टफोन आयात भएका थिए ।

तथ्यांकअनुसार यस वर्ष स्मार्टफोन आयात मूल्यका आधारमा करिब ३५ प्रतिशतले वृद्धि भएको छ । जेठ महिनामा मात्रै ४ अर्ब ६ करोड ३४ लाख रूपैयाँ बराबरका १ लाख ७७ हजार ३३० थान स्मार्टफोन नेपाल भित्रिएका छन् ।

स्मार्टफोन आयातको प्रमुख स्रोत चीन रहेको छ । विभागका अनुसार चीनबाट मात्रै ३२ अर्ब ८४ करोड रूपैयाँ बराबरका १७ लाख १० हजार ९१० थान स्मार्टफोन आयात भएका छन् । कुल आयातमा चिनियाँ ब्रान्ड तथा उत्पादनको हिस्सा सबैभन्दा ठूलो रहेको देखिन्छ ।

आयात बढेसँगै सरकारको राजस्व संकलन पनि उल्लेखनीय रूपमा वृद्धि भएको छ । चालु आर्थिक वर्षको ११ महिनामा स्मार्टफोन आयातबाट ८ अर्ब १० करोड ५२ लाख बाँकी ४ पेजमा ▸▸

## *११ महिनामा वैदेशिक व्यापार १४.७८ प्रतिशतले बढ्यो*

***दमक/*** *चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ११ महिनामा नेपालको कुल वैदेशिक व्यापार १४.७८ प्रतिशतले वृद्धि भई २१ खर्ब ७२ अर्ब ६ करोड रूपैयाँ पुगेको छ । भन्सार विभागका अनुसार समीक्षा अवधिमा १८ खर्ब ९४ अर्ब ९ लाख रूपैयाँ बराबरको वस्तु आयात भएको छ, जुन अघिल्लो वर्षको तुलनामा १५.१६ प्रतिशत बढी हो । यस्तै, निर्यात १२.२८ प्रतिशतले बढेर २ खर्ब ७७ अर्ब ९६ करोड रूपैयाँ पुगेको छ । आयातको तुलनामा निर्यात वृद्धि कम हुँदा व्यापार घाटा १५.६७ प्रतिशतले बढेर १६ खर्ब १६ अर्ब १३ करोड रूपैयाँ पुगेको छ ।*

*तथ्यांकअनुसार कुल वैदेशिक* बाँकी ४ पेजमा ▸▸

## झापामा २० हजारभन्दा बढी लागूऔषध प्रयोगकर्ता

**दमक/**प्रहरीले झापामा लागुऔषध सेवन र कारोबार घटाउन अभियान चलाइरहेको छ । पछिल्लो समय जिल्ला कारागार र प्रहरी हिरासतमा लागुऔषध सेवन र कारोबारमा संलग्न अभियुक्तको संख्या पनि ठूलो रहेको जनाएको छ । अहिले झापा मात्रै लागुऔषधका सक्रिय प्रयोगकर्ता र ओसारपसारमा संलग्नको २० हजारभन्दा बढी रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख वसुन्धरा खड्काले बताइन् । लागुऔषधका ओसारपसार र सेवन गरेको अभियोगमा झापामा नौ सयभन्दा बढी व्यक्ति कारागार र हिरासतमा रहेको उनले जानकारी दिइन् ।

उनका अनुसार झापा कारागारमा रहेका कैदी ३७६ जना, पुर्पक्षका लागि थुनामा ३४० जना र अनुसन्धानको सिलसिलामा प्रहरी हिरासतमा २०८ जनाले लागुऔषधको बेचबिखन र ओसारपसार संलग्न भएको कसुर खेपिरहेका छन् । लागुऔषध दुर्व्यसनको उपचारका लागि जिल्लाका ४२ वटा सुधार केन्द्रमा एक हजार २६२ भन्दा बढी व्यक्ति भर्ना र प्रादेशिक अस्पताल भद्रपुरमा १३३ जना नियमित उपचारमा छन् । लागुऔषध सेवनकर्ताको बाँकी ४ पेजमा ▸▸

**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, झापाको

**ओपीडी सेवाहरू :**

दैनिक बिहान ८ बजेदेखि बेलुकी ७ बजेम्म

१. डा. मनोज कुमार शाह : बरिष्ठ हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ
२. डा. सिता राई : बरिष्ठ प्रसुति तथा महिला रोग विशेषज्ञ
३. डा. निरज शाह : बरिष्ठ फिजिसियन
४. डा. साजन ठाकुर : बरिष्ठ बालरोग बिशेषज्ञ
५. डा. मन्जुल शाक्य : बरिष्ठ ल्याप्रोस्कोपीक सर्जन
६. डा. एकता घिताल : बरिष्ठ प्याथोलोजिस्ट
७. डा. सोफिया थुलुङ्ग : बरिष्ठ अर्थोडन्टिस (दन्तरोग विशेषज्ञ)
८. डा. तिलकचन्द्र शाह : बरिष्ठ रेडियोलोजिस्ट
९. डा. चन्द्रमोहन शाह : ल्याप्रोस्कोपीक सर्जन
१०. डा. बिबेक लामिछाने : फिजिसियन
११. डा. शिर्षकदिप श्रेष्ठ : मनोरोग बिशेषज्ञ
१२. डा. मिलन भुषाल : नाक, कान घाटी रोग बिशेषज्ञ

सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३

### झापामा हात्ती–बाँदरबाट सुरक्षित खेतीको नमुना

## मेकाडामिया नट्सबाट ४० लाख आम्दानी लक्ष्य

**मेचीनगर/**जङ्गली हात्ती र बाँदरको आतंकले खेतीपाती जोगाउनै मुस्किल हुने झापाको मेचीनगर-९ मागुरमाडी क्षेत्रमा एक किसानले नयाँ सम्भावनाको ढोका खोलेका छन् । पेसाले इन्जिनियर भूपेन्द्र तामाङले वन्यजन्तुले क्षति गर्न नसक्ने 'मेकाडामिया नट्स'को व्यावसायिक खेती सुरू गरेपछि उनको फार्म अहिले धेरैका लागि प्रेरणाको स्रोत बनेको छ ।

छ वर्षअघि टुकु कृषि फार्म स्थापना गरेर दुई बिघा जग्गामा ३०० वटा मेकाडामिया नट्सका बिरूवा रोपेका तामाङले जङ्गल नजिकको क्षेत्रमा सुरक्षित र लाभदायी बालीको खोजी गर्ने क्रममा यो खेती रोजेका हुन्। उनका अनुसार मेकाडामिया नट्सको पात काँडायुक्त र फल अत्यन्त कडा हुने भएकाले हात्ती, बाँदर तथा चराचुरूङ्गीले समेत क्षति पुऱ्याउन सक्दैनन् ।

पोषणयुक्त फलका रूपमा चिनिने मेकाडामिया नट्समा ओमेगा-१, ओमेगा-२ र ओमेगा-३ जस्ता तत्व प्रशस्त पाइन्छन् । यही कारण अन्तर्राष्ट्रिय बजारमा यसको माग र मूल्य दुवै उच्च छ । नेपाली बजारमै प्रतिकिलो दुई हजार रूपैयाँसम्म बिक्री हुने यो फलबाट राम्रो आम्दानी लिन सकिने तामाङको अनुभव छ ।

गत वर्षदेखि उत्पादन दिन थालेको बगानबाट यस वर्ष करिब दुई हजार किलो फल उत्पादन हुने अनुमान गरिएको छ । यसबाट करिब ४० लाख रूपैयाँ आम्दानी हुने र २५ लाख रूपैयाँभन्दा बढी खुद नाफा रहने तामाङको दाबी छ । हालसम्म खेतीमा करिब १४ लाख रूपैयाँ लगानी भइसकेको उनले बताए । बाँकी ४ पेजमा ▸▸

## झापामा डुबेर पाँचको मृत्यु

**झापा/** वर्षायाम शुरू हुँदै गर्दा झापामा पानीमा डुबेर पाँचजनाको मृत्यु भएको छ । दुई दिनअघि बिरिङ खोलाको पानीमा डुबेर एकजना बालिकाको मृत्यु भएको थियो ।कन्काई १ बस्ने कुलबहादुर रसाईलीकी छोरी ५ वर्षीया सोनिया रसाईलीको कन्काई ८ स्थित बिरिङ खोलाको पानीमा डुबेर मृत्यु भएको हो ।

त्यस्तै असार ४ गते दिउँसो २ बजे मेचीनगर नगरपालिका वडा नम्बर ७ इटाभट्टास्थित निर्माणाधीन एसियन हाइवेको किनारमा जमेको पानीमा डुबेर सोही ठाउँ बस्ने ६० वर्षीय गणेश बस्नेतको मृत्यु भएको थियो भने त्यसको अघिल्लो राति गौरीगंज २ बाहुन टोल बस्ने ६० वर्षीय रबि सोरेनको आफ्नै घरदेखि अन्दाजी ५० मिटर दक्षिणमा रहेको सडकको नालीको पानीमा डुवेर मृत्यु भएको थियो ।

**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं ।
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं ।
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं ।
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं ।
- खोक्दा वा हाछ्यूँ गर्दा मुख–नाक छोपौं ।
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं ।
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

*स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## बाढी र पहिरोबाट जोगिन साझा तयारी आवश्यक

वर्षायाम शुरू भएसँगै पूर्वी पहाडमा पहिरो र तराईमा डुवानका घटनाहरू बढ्न थालेका छन् । भौगोलिक संवेदनशीलता र जलवायु परिवर्तनको बढ्दो असरका कारण हरेक वर्ष दोहोरिने बाढी र पहिरोको नियति यसपालि पनि सुरूवाती दिनमै सतहमा आएको छ ।

तराई र सहरी क्षेत्रका बस्तीहरु डुवानको जोखिममा परेका छन् भने पूर्वी पहाडी जिल्लाहरु लगायत मुलुकका विभिन्न भूभागमा पहिरोले सडक सञ्जाल ठप्प पारेको छ । सडक अवरूद्ध हुँदा बिरामीले अस्पताल पुग्न नपाउने, खाद्यान्न आपूर्ति रोकिने र नागरिकको दैनिक जीवन कष्टकर बन्ने शृंखला सुरू भइसकेको छ । विपद्को यो नियमित तर भयावह चक्रव्यूहबाट नागरिकलाई जोगाउन अब केवल आश्वासन र शोक वक्तव्य मात्र पर्याप्त छैनह्य संघीय, प्रदेश र स्थानीय सरकारको वास्तविक समन्वय र तदारूकता आवश्यक भइसकेको छ ।

नेपालको संविधानले तिनै तहका सरकारलाई विपद् व्यवस्थापनको जिम्मेवारी सुम्पेको छ, तर व्यवहारमा संकट आउँदा सरकारहरुबीच समन्वयको खाँचो देखिने गरेको छ । विपद्को समयमा सबैभन्दा पहिलो र प्रत्यक्ष उपस्थित हुनुपर्ने स्थानीय सरकारसँग भूगोलको सूक्ष्म ज्ञान त हुन्छ, तर स्रोत-साधन र दक्ष जनशक्तिको ठूलो अभाव छ ।

अर्कोतर्फ, प्रदेश सरकारहरु प्रायः प्रशासनिक समन्वयकारी भूमिकामा मात्र खुम्चिँदा तत्काल ठूलो राहत वा उद्धार टोली परिचालन गर्न उनीहरुको उपस्थिति फितलो हुने गरेको छ । राष्ट्रिय नीति र ठूला स्रोत-साधनमा पहुँच भएको संघीय सरकारको ध्यान प्रायः केन्द्रबाट निर्देशन दिनेमै सीमित हुँदा दूरदराजका गाउँहरुमा समयमै राज्यको उपस्थिति अनुभूत हुन सकेको छैन ।

यो बेला एकले अर्कालाई दोषारोपण गरेर उम्किने समय बिल्कुलै होइन । अहिलेको मुख्य आवश्यकता भनेको एकीकृत विपद् व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन हो । पहिरोले अवरूद्ध पारेका पूर्वी पहाडी जिल्लाका लाइफलाइन मानिने सडकहरु खुलाउन तिनै तहका सरकारले आवश्यक साधन चौबीसै घण्टा तयारी अवस्थामा राख्नुपर्छ र डुवान प्रभावित क्षेत्रमा तत्काल सुरक्षित स्थानान्तरण, स्वच्छ खानेपानी र औषधिको प्रबन्ध मिलाइनुपर्छ । यसका साथै जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानलाई स्थानीय प्रविधिको प्रयोग गरी तल्लो तहका नागरिकसम्म बेलैमा पुऱ्याएर मानवीय क्षति कम गर्न सकिन्छ । दीर्घकालीन रुपमा, जथाभावी र विना इन्जिनियरिङ पहाडमा सडक खन्ने प्रवृत्तिका कारण पहिरोको जोखिम बढेकाले संघीय र प्रदेश सरकारले अबका पूर्वाधार निर्माणमा वातावरणीय प्रभाव मूल्यांकनलाई कडाइका साथ लागू गर्नैपर्छ ।

विपद् प्राकृतिक प्रकृया भए तापनि यसबाट हुने क्षति र मानवीय पीडा भने सरकारी लाचारी र फितलो तयारीको परिणाम हो । हिउँदभरि योजनाविहीन बस्ने र वर्षा सुरू भएपछि मात्र हतारिने प्रवृत्तिलाई अब त्याग्नैपर्छ । संकटको यो घडीमा सिंहदरबारको स्रोत र प्रविधि, प्रदेशको समन्वय र स्थानीय सरकारको सक्रियतालाई एकीकृत गर्दै विपद् विरूद्ध साझा मोर्चा बनाउनु नै अहिलेको एकमात्र विकल्प हो ।

# पर्यटन, विपर्यय र शिक्षा



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

**विपर्यहरूको मेल नै यो समयको अस्थित्व रहेछ भन्ने लाग्यो । त्यही ठाउँमा एउटा माछापुच्छ्रे टल्किएर उभिएको, अर्को सडकको गीत गाएर निन्याउरो अनुहार बोकेर बीच सडकमा उभिएको । यही रहेछ अस्थित्व, दिन र रात, आकास र धर्ती, कालो र सेतो ।**

हाम्रो भ्रमणको चौथो दिन । सेन्टर इन लेकको एक रातको बसाइपछि बिहनै हामी कालिका बहुमुखी क्याम्पसतर्फ लाग्यौं । लगातार परिरहेको पानीले हाम्रो समयलाई पखालिरहेको थियो । त्यो समयलाई सुकिलो बनाइरहेको थियो । मुकुलित बनाइरहेको थियो । कालिका बहुमुखी क्याम्पसको प्राङ्गणमा प्रवेश गर्दा यस्तै अनुभूति भयो । सार्वजनिक बिदाको दिन परेकाले विद्यार्थी नभए पनि भए जस्तै लाग्यो । अनि बिदा भए पनि नभए जस्तै लाग्यो ।

मूल भवनको माथिल्लो तलामा क्याम्पस प्रमूखको कार्यकक्ष अगाडि एकछिन टक्क उभिएँ, नाम पढें । आखिरि के छ र नाममा भन्ने वाइयात कुरा संझें, नाम पनि केही रहेछ । नामकै कारण बनाएर बेलायती नाटककार ओस्कर वाइल्डको नाटक 'द इम्पोर्टेन्स अभ बिइङ्ग अर्नेस्ट' संझें । त्यो कारण थियो क्याम्पस प्रमूखको नाम । मीठो नाम 'बिरानजी गौतम' । मुस्कुराउँदै उहाँले हामीलाई बैठक कक्षमा लग्नुभयो । पचिययात्मक कार्यक्रम पछि उहाँले आफ्नो क्याम्पसको प्रस्तुती सुरु गर्नुभयो । क्यामपसको बिगत, बर्तमान र आगतका कुरा गर्नुभयो । क्याम्पसका सबै 'डेटा' कण्ठस्त । कति अचम्मलाग्दो ! क्याम्पसका अकल्पनीय आयामहरु सुन्यौं । अकल्पनीय चरित्रहरु देख्यौं । अकल्पनीय पाइलाहरु पढ्यौं । विद्यार्थीको शुल्कबाट उठेको पैसाले कुनै पनि पूर्वाधार निर्माण नगर्ने । अर्थात् फीबाट उठेको पैसाले भवन निर्माणहरु नगर्ने । पूर्वाधारको लागि चाहिने संपूर्ण रकम समुदायले नै उपलब्ध गराउने ।

उहाँहरूको कामको, उपलब्धीको रफ्तार पनि अकल्पनीय । प्रकृयामा समावेश भएको २७ महिनामा अंतराष्ट्रिय गुणस्तर 'क्यूएए' प्राप्त गर्नु उहाँहरूको अर्को अकल्पनीय कुरा थियो ।

सबैभन्दा अकल्पनीय कुरा त सञ्चालक समितिका मानिसहरु पोखराका उद्योगपतिहरु रहेछन् । त्यस क्याम्पसबाट उत्तीर्ण गर्ने सबै विद्यार्थीलाई 'जव ग्यारेन्टी' रहेछ । तिनै सञ्चालकहरूले 'पास आउट' विद्यार्थीहरूलाई जागीर दिंदा रहेछन् । त्यहाँ पढ्ने विद्यार्थीले कतै पनि जागीर खोज्न जानु नपर्ने । वाउ !

यो सुनेर मन चिसो भयो । सञ्चालक समितिको भनेको के रहेछ भन्ने पनि थाहा भयो ।

उहाँहरूको सोच पनि फरक ।

अतिरिक्त पाठ्यक्रममा मन्टेश्वरी, पर्यटन आदि बिषयहरु पढाउनुहुँदो रहेछ । जसले गर्दा विद्यार्थी भोलि बेरोजगार नहोस । कति सुन्दर सोच ?

अझ सुन्दर कुरा त विज्ञ व्यक्तिहरूको कदर गर्ने, अनि त्यसलाई क्याम्पसको सम्पत्ति बनाउने । डा. रमेश कुँवर पोखराको मात्रै होइन, पूरै एसिया र युरोपको संपत्ति हुन भन्ने त थाहा थियो, त्यस क्याम्पसको त्यो पाइलामा रमेश कुँवरका पाइला पनि थपिएका रहेछन् । पर्यटन र अनुसन्धानमा अब्बल अन्तराष्ट्रिय व्यक्तित्व रमेश कुँवरको साथले त्यस क्याम्पसले विदेशी विश्वविद्यालयहरूसंग सहकार्य गरिरहेको रहेछ, संबन्ध स्थापित गरिरहेको रहेछ । विरानजीको थाइ विश्वविद्यालयको एउटा सेमिनारमा भागलिन बैङ्कक जाने कार्यक्रम पनि रहेछ ।

'यो फोटो मैले आफैं खिचेको', उहाँले स्लाइड प्रस्ततीमा देखाएको क्याम्पसको मूल भवनको फोटो देखाउँदै भन्नुभयो । त्यो फोटोमा क्याम्पसको अनुहारसंगै माछापुच्छ्रे हिमाल पनि टिलिक्क टल्किरहेको थियो । त्यो बिम्ब थियो । कालिका बहुमुखी क्याम्पस त्यो हिमाल जस्तै माथि माथि अग्लिदै छ । त्यो हिमाल जस्तै कञ्चन भएर ठडिरहेको छ । सामूहिक फोटा खिचेपछि हामी बिदा भएर निस्क्यौं ।

त्यसपछि हाम्रो गन्तब्य थियो पोखराकै अर्को क्याम्पस 'जनप्रिय बहुमुखी क्याम्पस' । कति सुन्दर नाम ! त्यो नामले निकै उत्सुक बनायो । किनभने अघि बिहानैदेखि नामका सुन्दर आयामहरु पढिरहेको थिएँ । जब हामी क्याम्पसको गेटबाट भित्र प्रवेश गऱ्यौं, नामको मोहदंश सुरु भयो ।

प्रवेशद्वारबाट भित्र प्रेश गर्नै बित्तिकै चौरीमा राखिएको कुर्सीमा हामीलाई स्वाग गर्नुभयो त्यस क्याम्पसका 'फोकल पर्सन' याम कुमार बरालले । उहाँहरूसंगको परिचयको कार्यक्रम सकएिपछि 'वेस्ट प्राक्टिसेस' हरूको आदानप्रदान गर्ने कार्यक्रम थियो । तर प्रदान धेरै भयो, आदान देखिएन । त्यस क्याम्पसका आयामहरु देखेर, सुनेर हर्के साहुको घरको कथा जस्तै लाग्यो । पैास माग्न जाँदा उसले उल्टै उसैलाई एक रूपियाँ भएपनि दिउँ दिउँ लाग्ने बनाउँथ्यो रे । हामीलाई त्यस्तै लाग्यो । सडकको गीत लाग्यो । गाडी सडकमा । कम्पाउण्ड वाल सडकमा । भवन सडकमा । विद्यार्थी सडकमा । हुँदा हुँदा क्याम्पस प्रमूख सडकमै । सञ्चालकहरु सडकमै । राम सरले 'दमकबाट हामी आएका छौं' भन्दा पनि क्याम्पस प्रमूख आउनु भएन । कारण, उहाँलाई सञ्चालक समितिले 'उडाउन' लागेको रहेछ । उहाँ निरास हुनुहुँदो रहेछ क्यार । कुर्सीबाट तल आउनु भनेको तलै होला, सडक । त्यो शिलशिला चलिरहने प्रकृया रहेछ त्यहाँ ।

'यहाँ पनि राजनीतिले खाएको रहेछ', सरहरु भन्दै हुनुहुन्थ्यो साउतीमार्दै । त्यो 'पनि' भन्ने संयोजकको मैले अब कुनै ब्याख्या गर्नु परेन । विश्लेषण गर्नु परेन ।

विपर्यहरूको मेल नै यो समयको अस्थित्व रहेछ भन्ने लाग्यो । त्यही ठाउँमा एउटा माछापुच्छ्रे टल्किएर उभिएको, अर्को सडकको गीत गाएर निन्याउरो अनुहार बोकेर बीच सडकमा उभिएको । यही रहेछ अस्थित्व, दिन र रात, आकास र धर्ती, कालो र सेतो । दिन के हो भनेर बुझ्न रात के हो भनेर जान्नु पर्छ । रात के हो भनेर बुझ्न दिन के हो भनेर जान्नु पर्छ । यही चक्करमा त्यो समय पनि फनफनी घुमिरहेको थियो ।

सामान्य कुराकानीपछि हामी निस्कियौं । बाटामा कतै खाना खाने योजना थियो । यसैमा बिरानजी सर पनि जोडिनु भयो । मुग्लिङ पुगेर संगै खाना खाने योजना बन्यो । 'दालभात रेस्टुरेन्ट' रहेछ त्यहाँ । बिरानजी सरले पढाएको विद्यार्थीको होटल । जापान बसेर, काम सिकेर आफ्नै होटल चलाएका युवा थिए ती । आफैं भान्से लागेर पकाउने । सफा । ताजा । मान्छेको भीड उतिनै । त्यहीं आफ्नै गाउँकी दिदी कवियत्री विमला अधिकारीसंग भेट भयो । सपरिवार पोखरा घुम्न जाँदैहुनुहुँदो रहेछ । 'भोलि छ फ्लाइट । सेमिनार सकेर फिरिहाल्ने कार्यक्रम छ', बिरानजी सरले आफ्नो योजना सुनाउँदै हुनुहुन्थ्यो । खानापछि हामी नारायणगढतर्फ लाग्यौं ।

## सामाजिक सञ्जालबाट

### 'हामीले विगतमा आफ्नै नेताहरूलाई प्रश्न नगर्ने गल्ती गर्यौं'



गगनकुमार थापा

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता तथा कार्यकर्तालाई आफ्नै पार्टीभित्र हुने गलत कामविरुद्ध खुलेर आवाज उठाउन आग्रह गरेका छन् ।

'हामीले विगतमा आफ्नै नेताहरूलाई प्रश्न नगर्ने गल्ती गर्यौं । दाइ वा बा भनेर नेताहरूलाई प्रश्नभन्दा माथि राख्यौं । त्यसले सुशासनलाई कमजोर बनायो,' थापाले भने, 'तपाईंहरू पनि पार्टीभित्र गलत हुँदा चुप लागेर नबस्नुस्। आफ्नै नेतृत्वलाई प्रश्न गर्न सक्ने संस्कार विकास गर्नुस् ।'

उनले बाहिरका राजनीतिक प्रतिस्पर्धीसँग लड्नुभन्दा आफ्नै पार्टीभित्रका कमजोरी र विकृतिविरुद्ध संघर्ष गर्न झन् कठिन हुने उल्लेख गर्दै कांग्रेसले विगतमा त्यही कठिन बाटो रोजेको बताए । 'हामीले पनि नसच्चिएपछि पार्टीभित्रै विद्रोह गरेका हौं । बाहिर लड्नुभन्दा पार्टीभित्र लड्न गाह्रो हुन्छ,' उनले भने ।

### 'बहुमतको आडमा अहंकार नगर्नु'



वर्षमान पुन

नेकपा (माओवादी केन्द्र) का नेता वर्षमान पुनले रास्वपा र आफ्नो पार्टीबीच सामाजिक न्यायसहितको संघीय लोकतान्त्रिक गणतन्त्र, सुशासन र पारदर्शिताको एजेन्डामा समानता रहेको बताएका छन् । सुशासनका नाममा चालिने कुनै पनि कदमहरु संविधान र कानुनको सीमाभन्दा बाहिर जान नहुनेमा उनले विशेष जोड दिए । बहुमतको आडमा अहंकार नगर्न सचेत गराउँदै उनले राजनीतिमा बहुमतले विनम्रता सिक्नुपर्ने र अल्पमतले धैर्य गर्नुपर्ने महत्वपूर्ण सुझाव दिए ।

आफ्नो विगत सम्झिँदै पुनले आफू पहिलोपटक सरकारमा सामेल हुँदा मात्र २७ वर्षको रहेको उल्लेख गर्दै रास्वपामा त्यही उमेरका युवाहरूको ऊर्जा देख्दा खुसी लागेको बताए । उनले वर्तमान संविधानको दायराभित्रै रहेर पनि अनेकौं सकारात्मक परिवर्तनहरु सम्भव भएको भन्दै रास्वपाको यो युवा ऊर्जालाई देश निर्माण र साझा राजनीतिक सुधारको प्रयासमा उपयोग गर्न आग्रह गरे ।

### 'राजा चाहिन्छ भनेर पनि जनतालाई रास्वपालाई मत दिए'



राजेन्द्र लिङ्देन

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले नेपालमा राजा चाहिन्छ भन्ने आम नागरिकले समेत राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई मतदान गरेको दाबी गरेका छन् ।

अध्यक्ष लिङ्देनले राप्रपामा भोट नहालेर धेरै सर्वसाधारणले प्रधानमन्त्री एवं वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहले राजा ल्याउने आसमा रास्वपालाई भोट दिएको उल्लेख गरे । उनले जनमत पार्टीका अध्यक्ष सिके राउतको भनाइलाई जोड्दै रास्वपाभित्र देशका विभिन्न विचार र आस्था बोक्ने जनताको ठुलो जनमत समेटिएकाले यस पार्टीको काँधमा विशिष्ट जिम्मेवारी रहेको स्पष्ट पारे ।

अध्यक्ष लिङ्देनले गत २१ फागुनमा सम्पन्न निर्वाचन अत्यन्तै निष्पक्ष भएको र यसले परम्परागत राजनीतिक शैलीलाई भत्काइदिएको विश्लेषण गरे ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
ठूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईंहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ
यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८४९७९१९५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

# खानेपानी पुगेपछि सागम र लप्सेमा उत्साह



**भोजपुर/** लप्से गाउँमा खानेपानी पुगेपछि स्थानीय हर्षित भएका छन् । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुरअन्तर्गत संखुवासभामा पेले खोल्सी खानेपानी आयोजनामार्फत २६ घरमा एक एक धारा जडान भएको हो ।

गत वर्षबाट यो आयोजना निर्माणको काम थालिएको हो । यो आयोजनाको कूल अनुमानित लागत श्रमदानसहित छ करोड ८९ लाख रहेको कार्यालयका सवइन्जिनियर बेदराज बराइलीले जानकारी दिए ।

पानीको चरम अभाव रहेको यो स्थानमा घरघरमा धारा जडान गरिएपछि सहजता भएको खाँदबारी नगरपालिका-६ का वडाध्यक्ष अर्जुन तामाङले बताए । बाँकी रहेका स्कीमको पनि काम समयमा सम्पन्न गराउन वडाले आवश्यक भूमिका खेलिरहेको उनको भनाई छ ।

अब संखुवासभाको खाँदबारी नगरपालिकामा पर्ने सागम र लप्से गाउँको पानीको समस्या हटेको हो । तीन स्कीममा निर्माण भइरहेको आयोजनाको पहिलो 'स्किम'को काम सम्पन्न भएसँगै २६ घरमा पानीको सुविधा पुगेको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले जनाएको छ । आयोजनाको लागि वार्षिकरूपमा आउने बजेट न्यून भएको कारण योजनालाई चाँडो सम्पन्न गराउन समस्या देखिएको निर्माण उपभोक्ता समितिका अध्यक्ष दुर्गादत्त भण्डारीले बताए । स्थानीयलाई चाँडो पानी खुवाउन यहाँ आउने बजेटलाई सरकारले बढाउन आवश्यक रहेको उनको भनाई छ ।

पहिलो स्किमबाट पानी वितरण थालिएपछि सहजता भएको स्थानीयवासी टेकबहादुर बगाले मगरले बताए । घरमा धारा जडान भएपछि पानीको जोह गर्न आधारातमा कुँवा तथा पँधेरा जानुपर्ने बाध्यता हटेको उनको भनाइ छ । घरघरमा पानी जडान भएपछि वर्षौंदेखिको पानीको समयमा अन्त्य भएको स्थानीयको भनाई छ । पानी वितरण भएपछि दैनिक सरसफाइदेखि घरायसी कामकाजमा सहज भएको स्थानीयवासी तारामाया राईले बताइन् ।

## सामान्य ज्ञान



१, नदी प्रणालीको हिसावले नेपाललाई कति भागमा विभाजन गरिएको छ ?
*(क) ३ (ख) ४ (ग) ५ (घ) ६*

२, सन् २०२२ मा सम्पन्न साफ यु-२० फुटबल च्याम्पियनसिपको उपाधि कुन देशले प्राप्त गरेको थियो?
*(क) पाकिस्तान (ख) भारत*
*(ग) श्रीलङ्का (घ) माल्दिभ्स*

३, नेपालको सबैभन्दा पुरानो अस्पताल भनेर चिनिने वीर अस्पताल कुन राणा प्रधानमन्त्रीको पालामा बनेको हो ?
*(क) चन्द्रशमशेर (ख) देव शम्शेर*
*(ग) वीर शम्शेर (घ) जङ्गबहादुर*

४, मञ्जुश्रीको ३३ फिट अग्लो प्रस्तर मूर्ति कहाँ स्थापना भएको छ ?
*(क) नागार्जुन (ख) चन्द्रागिरी*
*(ग) फर्पिङ (घ) चोभार*

५, सिसेक्पा तङ्नाम भन्नाले नेपालको कुन समुदायमा प्रचलित पर्व भनेर बुझिन्छ ?
*(क) लिम्बू (ख) राई (ग) थारु (घ) माझी*

६, एउटै प्राणीमा भाले र पोथी दुवै अङ्ग हुने जीव कुन हो ?
*(क) साङ्ला (ख) कमिला (ग) गड्यौला (घ) झिँगा*

७, सङ्गीत शास्त्रको मूल वेदको नाम के हो ?
*(क) धनुर्वेद (ख) सामवेद (ग) आयुर्वेद (घ) सामवेद*

८, नेपालको सार्क राष्ट्रहरूमा पछिल्लो समय दौत्य सम्बन्ध कायम भएको राष्ट्र कुन हो ?
*(क) माल्दिभ्स (ख) पाकिस्तान (ग) भूटान (घ) श्रीलङ्का*

९, नेपालको इतिहास प्रसिद्ध भण्डारखाल पर्व कति सालमा भएको थियो ?
*(क) २००२ साल (ख) २००३ साल*
*(ग) २००४ साल (घ) २००५ साल*

१०, विश्वको सबैभन्दा ठूलो जलविद्युत आयोजना कुन देशमा सञ्चालित छ ?
*(क) कोरिया (ख) क्यानाडा (ग) जापान (घ) चीन)*

**सही उत्तर १-(क), २-(ख), ३-(ग), ४-(घ), ५-(क), ६-(ग), ७-(घ), ८-(ग), ९-(ख), १०-(घ),**

## विश्वकप विशेष



# इजिप्टको पुनरागमन जित

## केप भर्डे र उरूग्वे बराबरी



**एजेन्सी /** फिफा विश्वकप २०२६ अन्तर्गत समूह 'जी' मा इजिप्टले उत्कृष्ट पुनरागमन गर्दै न्युजिल्यान्डमाथि ३-१ को जित निकालेको छ । सोमबार बिहान सम्पन्न खेलमा सुरूआती गोलले पछि परेको इजिप्टले दोस्रो हाफमा आक्रामक प्रदर्शन गर्दै महत्वपूर्ण तीन अंक हात पारेको हो । खेलको १५औँ मिनेटमा फिन सर्म्यानले गोल गर्दै न्युजिल्यान्डलाई अग्रता दिलाएका थिए। पहिलो हाफमा अग्रता जोगाएको न्युजिल्यान्ड दोस्रो हाफमा भने दबाब थेग्न असफल भयो ।

इजिप्टका लागि ५८औँ मिनेटमा मोस्तफा जिकोले बराबरी गोल फर्काए। त्यसपछि ६७औँ मिनेटमा कप्तान मोहम्मद सलाहले गोल गर्दै टोलीलाई २-१ को अग्रता दिलाए । खेलको ८२औँ मिनेटमा ट्रेजेग्वेटले अर्को गोल थपेपछि इजिप्टले ३-१ को सहज जित सुनिश्चित गऱ्यो । समग्र खेलमा बल पोसेसन, आक्रमण र गोलका अवसर सिर्जनामा इजिप्ट हाबी देखिएको थियो । यस जितसँगै इजिप्टले दुई खेलबाट ४ अंक जोड्दै समूह 'जी' को शीर्ष स्थान कब्जा गरेको छ । इरान र बेल्जियम समान २-२ अंकसहित पछ्याइरहेका छन् भने न्युजिल्यान्ड एक अंकसहित पुछारमा छ ।

यसैगरी फिफा विश्वकप २०२६ अन्तर्गत समूह 'एच' को रोमाञ्चक खेलमा दुई पटकको विश्वविजेता उरूग्वे नवप्रवेशी टोली केप भर्डेसँग २-२ गोलको बराबरीमा रोकिएको छ । अमेरिकाको ^लोरिडास्थित मियामी स्टेडियममा सम्पन्न खेलमा दुवै टोलीले अग्रता लिए पनि जोगाउन नसक्दा अंक बाँड्न बाध्य भएका हुन् ।


खेलको २१औँ मिनेटमा केभिन पिनाले फ्रिकिकमार्फत सुन्दर गोल गर्दै केप भर्डेलाई अग्रता दिलाएका थिए । तर ४४औँ मिनेटमा म्याक्सी अराजोले उरूग्वेका लागि बराबरी गोल फर्काए । पहिलो हाफको इन्जुरी समयमा अगस्टिनले गोल गर्दै उरूग्वेलाई २-१ को अग्रता दिलाए पनि दोस्रो हाफमा केप भर्डेले पुनरागमन गऱ्यो । ६१औँ मिनेटमा उरूग्वेका डिफेन्डर र गोलकिपरबीचको तालमेल अभावको फाइदा उठाउँदै हेलियो भारेलाले गोल गरेपछि खेल २-२ को बराबरीमा पुगेको थियो ।

त्यसपछि दुवै टोलीले जित निकाल्ने प्रयास गरे पनि थप गोल हुन सकेन। खेलमा बल पोसेसन र आक्रमणको हिसाबले उरूग्वे अघि रहे पनि अवसरलाई गोलमा परिणत गर्न नसक्दा जितबाट वञ्चित बन्यो । यस नतिजासँगै उरूग्वे र केप भर्डेले समान दुई खेलबाट २-२ अंक जोडेका छन् । समूह 'एच' मा स्पेन ४ अंकसहित शीर्ष स्थानमा छ भने साउदी अरेबिया १ अंकसहित पुछारमा रहेको छ । बराबरीपछि उरूग्वेको नकआउट चरणको यात्रा थप चुनौतीपूर्ण बनेको छ भने केप भर्डेले बलिया टोलीविरूद्ध लगातार प्रभावशाली प्रदर्शन गर्दै सबैको ध्यान खिच्न सफल भएको छ ।

## स्वास्थ्य

# बालबालिकालाई 'ग्यास्ट्रिक'बाट कसरी जोगाउने ?

**दमक/** धेरैलाई बालबालिकामा 'ग्यास्ट्रिक' हुँदैन भन्ने भ्रम छ । सामान्यता ठूला मानिसलाई हुने 'ग्यास्ट्रिक' बालबालिका पनि हुने गर्दछ । बालबालिकालाई 'एच प्योलोरी' भन्ने किटाणुको सङ्क्रमणको कारणले 'ग्यास्ट्रिक' हुन्छ । यो कीटाणुको सङ्क्रमण बच्चादेखि नै हुन्छ । जब बच्चा चिल्लोपिरो, जंकफुड खाने गर्दछन् तव 'ग्यास्ट्रिक' हुन्छ । यस्तै 'पेनकिलर'ले पनि बच्चालाई 'ग्यास्ट्रिक' बनाउने गरेको कान्ति बाल अस्पतालका बच्चाको पेटसम्बन्धी चिकित्सक डा सुमित अग्रवालले जानकारी दिए । बयस्क मानिसलाई 'ग्यास्ट्रिक'ले पेट दुख्ने, खाना नरूच्ने, मुखमा अमिलो आउने गर्दछ ।



बालबालिकालाई भने पनि मुखबाट अमिलो पानी आउने, बिहान र साँझ पेट दुख्ने, कसैलाई खाना खाएपछि धेरै पेट दुख्ने, कसैलाई खाना खाएपछि कम हुने, लगातार बान्ता आउने, पेट फुल्नेजस्ता समस्या देखा पर्दछन् । यसपछि बच्चाको आहार घट्दै जान्छ र उपचार ढिला हुँदा विस्तारै तौल घट्दै जान्छ ।

समयमा उपचार नगरे ग्यास्ट्रिकले पेटको दुखाइको मात्रा बढेपछि मुखबाट रगतसमेत आउन सक्ने, पेटको सानो आन्द्राको प्वाल खुम्च्याउने, सानो आन्द्राको पहिलो भागमा अल्सरजस्ता समस्या देखापर्ने उनले बताए ।

उनका अनुसार कान्ति अस्पतालमा दिनमा दुइ-तीन 'ग्यास्ट्रिक' भएका बालबालिका आउने गर्दछन् । यस्तै रगत नै बान्ता गर्ने बिरामी हप्तामा एक/दुई जना अस्पताल आउने गरेका छन् ।

चिकित्सक डा. अग्रवालले हप्तामा तीनदेखि पाँचको इन्डोस्कोपी गरेपछि ७५ प्रतिशतमा बालबालिकामा 'एच प्योलोरी' किटाणुको सङ्क्रमण हुने गरेको बताए । शरीरमा चाहिनेभन्दा बढी मात्रामा एसिड उत्पादन हुनुलाई सामान्यतया ग्यास्ट्रिक भनिन्छ । उनका अनुसार सामान्यता १८ महिनादेखि १४ वर्ष मुनिका बालबालिकामा 'एच प्योलोरी' किटाणुको सङ्क्रमण हुने र 'ग्यास्ट्रिक' देखिने गर्दछ । एच प्योलोरी भन्ने किटाणुका कीटाणु सानै उमेरदेखि शरीरमा भए पनि सात/आठ वर्ष नाघेपछि मात्रै यसको लक्षण देखा पर्छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

## मनोरञ्जन

# 'झिंगे दाउ २' असोजमा रिलिज हुने

**दमक/** फिल्म 'झिंगे दाउ २' आगामी असोजमा प्रदर्शन हुने भएको छ। निर्माण युपनटले फिल्मको तनि पोस्टर एकसाथ सार्वजनिक गर्दै प्रचार प्रसार समेत थालेको छ। ज्ञानेन्द्र देउजाको निर्देशनमा तयार भएको यो फिल्ममा सुलभ प्रतीक, प्रतीक देउजा, समीक्षा देउजाको लगानी छ।

सार्वजनिक तीन नयाँ पोस्टर मध्य एकमा केकी अधिकारी र आँचल शर्मा हर्षित मुद्रामा छन्। यता, हिउँवाला गौतम, महेश त्रिपाठी र कुशलको भावुक अनुहार देख्न सकिन्छ।

यस्तै, दोस्रोमा पोस्टरमा दसैंको उमङ्ग देख्न सकिन्छ। फिल्मका मुख्य चार पात्रहरू दसैंको उमङ्गमा रमाएका छन्। यसले, फिल्मको कथावस्तुमा दसैंलाई समेत समावेश गरेको प्रस्ट हुन्छ।

यस्तै, तेस्रो पोस्टरमा आर्यन सिग्देललाई पनि देखाइएको छ। मुख्य चार पात्रहरू अचम्मित भावमा देखिएका छन् भने आर्यनले उनीहरूलाई रोकेको जस्तो देखिन्छ। यी तिनै पोस्टरले फिल्मप्रति दर्शकको चासो र उत्साह अझै बढाउने पक्का छ।

केकी अधिकारी, आँचल शर्मा, महेश त्रिपाठी, कुशल विष्ट, आर्यन सिग्देल, हिउँवाला गौतम, सरोज खनाल, बसुन्धरा भुसाल, चैत्यदेवी सिंह, सङ्गम भण्डारी, विजय देउजा, अंशु महर्जन, अयभराज बराल, उत्तम केसी, शिवहरि वैरागी नेपाल, आशा भुसाल, रेनु प्रधान, विनोद कुमार पौडेल लगायतका कलाकारहरूको अभिनय छ। फिल्ममा मदनकृष्ण श्रेष्ठ र मिथिला शर्माले अतिथि कलाकारको रूपमा काम गरेका छन्।

विष्णु घिमिरे 'कल्पित'को छायाङ्कन रहेको यो फिल्ममा मित्र डी गुरुङको सम्पादन, अर्जुन पोखरेलको सङ्गीत, रामजी लामिछानेको नृत्य, रोशन श्रेष्ठ एक्सन छ। सार्वजनिक तीन नयाँ पोस्टरले फिल्मको विभिन्न पाटोलाई चित्रित गरेको छ। यो फिल्ममा परिच्छेद सेन, गोविन्द फुयाल र शिशिर चालिसेको पटकथा तथा संवाद रहेको यो फिल्ममा विवेक बस्नेत, ईश्वर सिन्केमनाको छायांकन छ।




**आज मिति**
**२०८३ साल**
**असार ०९ गते**
**मंगलबार**
23 June, 2026
तिथि: नवमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मित्र मिलन, परिवारमा सुख । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | जीवनसाथीबाट धोका । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मावल पक्षबाट सहयोग । नयाँ ठाउँको भ्रमण । |
| कर्कट | (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) | ब्यापारमा नाफा । मन भने अशान्ति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | स्त्रीसाथीबाट धोका । मन खिन्न । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | ब्यापार व्यवसायमा सफल । पठन पाठन सुधार । |
| तुला | (रा, रि, रु, रे, रो, ता, ति, तु, ते) | पाहुनाको आगमन । परिवारमा खुशीयाली । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मानसम्मान मिल्ने । धर्मप्रति आस्था बढेर जाने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | परिश्रम अनुसार फल प्राप्ती नहोला । मन दोधार रहने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | नयाँ बस्त्रधारणको योग । स्वास्थ्यमा सुधार । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | स्वास्थ्यमा समस्या । खर्च बढेर जाने । मनमा चिन्ता । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक लाभ । मन खुशी । जीवनसाथीबाट भरपुर सहयोग । |



*धान रोपाईमा किसानहरू : सोमबार धान रोपाईमा व्यस्त झापाको कमल गाउँपालिका ७ स्थित मेमेङ टोलका किसानहरू।*

# नौ हजारभन्दा बढीले गरे वन्यजन्तु आरक्ष भ्रमण

**सुनसरी/** कोशीटप्पु वन्यजन्तु आरक्षमा आर्थिक वर्ष २०८२/८३ को जेठ महिनासम्म कूल नौ हजार २४२ जना पर्यटकले भ्रमण गरेका छन् । यस आर्थिक वर्षको ११ महिनाको अवधिमा सबैभन्दा बढी पर्यटक मंसिर महिनामा आएका छन् भने सबैभन्दा कम असोज महिनामा पर्यटक आएका छन् ।

मंसिर महिनामा एक हजार ८९३ जना पर्यटकले आरक्षको भ्रमण गरेका छन् भने असोज महिनामा ३२५ जना पर्यटक मात्र यहाँ भित्रिएका छन् । आरक्ष प्रशासनका अनुसार साउनमा ४९६, भदौमा ५४७, कात्तिकमा ५९१, पुसमा ६४२, माघमा एक हजार ४९९, फागुनमा ६९७, चैतमा ६९१, वैशाखमा ७९१ र जेत महिनामा एक हजार ७० जना पर्यटकले आरक्षको भ्रमण गरेका छन् । आरक्ष प्रशासनका अनुसार पछिल्लो समय यस क्षेत्रमा विदेशीको तुलनामा आन्तरिक पर्यटकको आकर्षण सबैभन्दा बढी देखिएको छ ।

आरक्ष भ्रमण गर्ने कूल पर्यटकमध्ये नौ हजार ७० जना नेपाली रहेका छन्, जसमा चार हजार ५३५ महिला र चार हजार ५३५ पुरूष रहेका छन् । त्यसैगरी दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मुलुकबाट तीन जना महिला र २२ जना पुरूष गरेर कूल २५ जना पर्यटकले कोशीटप्पुको भ्रमण गरेका छन् । सार्क मुलुकबाहेकका अन्य विदेशी मुलुकबाट ४४ जना महिला र १०३ जना पुरूष गरी १४७ जना पर्यटक आरक्षको अवलोकनका लागि आएका छन् ।

विशेषगरी यहाँ आउने पर्यटकले लोपोन्मुख अवस्थामा रहेका अर्ना (जङ्गली भैँसी) का साथै २० प्रकारका साना ठूला जनावरहरु हरिण, रतुवा, नीलगाई, बँदेल, बाँदर र अजिङ्गर प्रत्यक्ष हेर्न पाउँछन् । आरक्षको छेवैमा बग्ने सप्तकोसी नदीमा पर्यटकहरूले सजिलै डल्फिनसमेत हेर्न पाउने आरक्षका योजना अधिकृत पौडेलले जानकारी दिए । विश्वमै दुर्लभ मानिएका पन्छीसहित ४९८ प्रजातिका चराचुरूङ्गी पाइने यस आरक्षमा हाँस प्रजातिका २० वटा र जलचरा प्रजातिका ११४ वटा पन्छीहरु मुख्य आकर्षणका रूपमा रहेका छन् ।

***पुरानाको*.......**महत्वपूर्ण दर्शन प्रस्तुत गरे । शासनका नाममा चालिने कदमहरु संविधान र कानुनको सीमाभन्दा बाहिर जान नहुने भन्दै उनले बहुमतको आडमा अहंकार नगर्न सचेत गराए । रास्वपामा देखिएको युवा ऊर्जालाई देश निर्माण र साझा राजनीतिक सुधारको प्रयासमा उपयोग गर्नुपर्ने उनको धारणाले नयाँ शक्तिलाई प्रणालीभित्रै रहेर रचनात्मक रूपमा काम गर्ने प्रेरणा दिन्छ । अर्कातर्फ, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र जसपा अध्यक्ष उपेन्द्र यादवका भनाइहरूले रास्वपाले बोकेको जनमतको विविधता र यसको नीतिगत दायित्वलाई उजागर गरेका छन् । लिङ्देनले नेपालमा राजा चाहिन्छ भन्ने आम नागरिकले समेत वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह र रास्वपामाथि भरोसा गरेर मतदान गरेको दाबी गर्दै जनता परम्परागत राजनीतिक शैली र दलको घेराभन्दा धेरै अगाडि बढिसकेको औंल्याए ।

त्यस्तै, उपेन्द्र यादवले वर्तमान संविधानका त्रुटि र विरोधाभासहरूलाई सुधारेर समयसापेक्ष परिमार्जन गर्ने ठूलो दायित्व अब रास्वपासामु पनि आइपुगेको उल्लेख गर्दै यस नयाँ शक्तिलाई अग्रगामी परिवर्तन र संविधान संशोधनको मुद्दामा सकारात्मक भूमिका खेल्न आह्वान गरे । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले पनि पूर्वी नेपालदेखि सुदूरपश्चिमसम्मका नागरिक एउटै उद्देश्यका लागि भेला हुनुलाई देश परिवर्तनको नयाँ आशाका रूपमा चित्रण गर्दै मधेसीको छोरालाई देशको प्रधानमन्त्री स्वीकार्ने वातावरण बनाएकोमा रास्वपा नेतृत्वको प्रशंसा गरे ।

विपक्षी र पुराना दलका नेताहरूका यी समग्र भनाइहरूलाई विश्लेषण गर्दा रास्वपाको अबको अपेक्षा र भविष्य मुख्यतः तीनवटा कुरामा निर्भर देखिन्छ, व्यक्ति-केन्द्रित लोकप्रियतावादबाट संस्थागत विधिको पद्धतिमा रूपान्तरण हुनु, सत्ता र संसद रहँदा केवल नारामा मात्र नभई ठोस 'परिणाममुखी डेलिभरी' दिनु, र युवा जोससँगै राज्य सञ्चालनका लागि आवश्यक पर्ने भूराजनीतिक एवं संवैधानिक परिपक्वता प्रदर्शन गर्नु जस्ता विषयमा ध्यान पुर्‍याउन जरूरी छ । जनताले दिएको अभूतपूर्व विश्वास र पुराना दलहरूले रचनात्मक रूपमा गरेको खबरदारीबीच सन्तुलन मिलाउँदै 'वैकल्पिक र जिम्मेवार राज्य सञ्चालक' का रूपमा प्रमाणित गर्न सकेमा मात्रै राजनीतिक भविष्य सुरक्षित र उज्ज्वल रहने देखिन्छ ।

***११ महिना*....** *व्यापारमा आयातको हिस्सा ८७.२० प्रतिशत र निर्यातको हिस्सा १२.८० प्रतिशत मात्रै रहेको छ । आयात-निर्यात अनुपात ६.८१ पुगेको छ, अर्थात् प्रत्येक एक रूपैयाँको निर्यातमा नेपालले करिब ६ रूपैयाँ ८१ पैसा बराबरको वस्तु आयात गरेको देखिएको छ । यसले अर्थतन्त्र अझै आयातमुखी रहेको र उत्पादन तथा निर्यात प्रवर्द्धनमा प्रभावकारी नीति आवश्यक रहेको संकेत गरेको छ ।*

***४३*....**रूपैयाँ राजस्व संकलन भएको छ, जुन गत वर्षको सोही अवधिको ५ अर्ब ९८ करोड रूपैयाँभन्दा धेरै हो । व्यवसायीहरूका अनुसार स्मार्टफोनको बढ्दो प्रयोग, नयाँ प्रविधिप्रतिको आकर्षण र पुराना उपकरण प्रतिस्थापन गर्ने प्रवृत्तिका कारण आयात बढेको हो । बजारमा नयाँ मोडलका स्मार्टफोनको माग उच्च रहेकाले आगामी महिनाहरूमा पनि आयात वृद्धि हुने अनुमान गरिएको छ ।

***झापामा*.....**यकिन तथ्यांक सार्वजनिक नभए पनि जिल्लामा १५ हजारभन्दा बढी रहेको हुनसक्ने प्रहरीको अनुमान छ । वार्षिक तथ्यांकले झापामा लागुऔषधको घटना बढिरहेको देखाएको छ । लागुऔषधजन्य अभियोगमा आर्थिक वर्ष २०७८/०७९ मा २०० जना, २०७९/०८० मा २०६ जना, २०८०/०८१ मा २९७ जना, २०८१/०८२ मा ३४५ जना र चालु आव २०८२/०८३ को जेठसम्ममा ३५२ जना व्यक्ति पक्राउ परेका छन् । जिल्लामा लागुऔषधबाट सबैभन्दा बढी प्रभावित मेचीनगर नगरपालिका रहे तापनि भद्रपुर, बिर्तामोड र दमक पनि रहेको प्रहरीले जनाएको छ ।

***झापाका*.......**कृषि ज्ञान केन्द्र भद्रपुरका प्रमुख सागर विष्टका अनुसार झापामा मेकाडामिया नट्सको यति ठूलो व्यावसायिक खेती पहिलोपटक गरिएको हो। पूर्ण रूपमा प्राङ्गारिक विधिबाट खेती गरिरहेका तामाङले भविष्यमा नेपाली ब्रान्डको अर्गानिक मेकाडामिया नट्स उत्पादन गरी बजार विस्तार गर्ने योजना बनाएका छन् । वन्यजन्तुको समस्याले हैरान किसानका लागि उनको प्रयास नयाँ विकल्पका रूपमा हेरिएको छ । झापाका विभिन्न क्षेत्रमा जङ्गली हात्ती र बाँदरले बालीनाली नष्ट गर्दा किसानहरु हैरान भइरहेका बेला इन्जिनियर तामाङले भित्राएको यो खेती जङ्गल आसपासका अन्य पीडित किसानका लागि पनि एउटा उत्कृष्ट र दिगो वैकल्पिक खेती बन्न सक्छ ।

**रबर स्ट्याम्प बनाउने ठाउँ**
**बिजि स्टेशनरी एण्ड छापाखाना**
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६

## अन्तर्राष्ट्रिय

# अमेरिका-इरान युद्ध रोक्ने समझदारी

**एजेन्सी/** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इरानी राष्ट्रपति मसूद पेजेस्कियानले यस समझदारी पत्रमा डिजिटल माध्यमबाट हस्ताक्षर गरेका छन् । अमेरिका र इरानबीच जारी युद्ध अन्त्य गर्ने उद्देश्यका साथ दुवै देशले एक ऐतिहासिक समझदारी पत्र (एमओयू) मा हस्ताक्षर गरेका हुन् । इरानको विदेश मन्त्रालय र अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले संयुक्त रूपमा यसको पुष्टि गरेका हुन् ।

यो समझदारीसँगै अमेरिका र इस्रायलले इरानविरुद्ध गरिरहेको युद्ध औपचारिक रूपमा रोकिने विश्वास गरिएको छ । यसैबीच, अमेरिकी राष्ट्रपति ट्रम्पले आगामी ६० दिनको वार्ताको अवधि 'अन्तिम समयसीमा' नभएको बताएका छन् । यद्यपि, ट्रम्पले चेतावनी दिँदै अर्को चरणको वार्ता ६० दिनभित्र निष्कर्षमा नपुगे वा इरानले यस समझदारीको पालना नगरे पुनः युद्ध सुरु हुने र इरानमाथि "भीषण बमबारी" गर्ने चेतावनी समेत दिएका छन् ।

# बेलायती प्रधानमन्त्रीको राजीनामा

**एजेन्सी/** बेलायतका प्रधानमन्त्री किर स्टार्मरले दुई वर्षभन्दा कम कार्यकालपछि सोमबार राजीनामाको घोषणा गरेका छन् । नीतिगत यू-टर्न तथा बढ्दो अलोकप्रियताबीच उनले लेबर पार्टीको नेताबाट राजीनामा दिने घोषणा गरेका हुन्। लन्डनस्थित 'टेन डाउनिङ स्ट्रिट' बाहिर सम्बोधन गर्दै स्टार्मरले आफूले लिएका सबै निर्णय देशको हितलाई केन्द्रमा राखेर गरिएको बताए ।

'मैले लिएका हरेक निर्णय मैले माया गरेको देशलाई पहिलो स्थानमा राख्ने उद्देश्यका साथ गरिएको हो । त्यसैले म लेबर पार्टीको नेताको पदबाट राजीनामा दिन्छु', उनले भावुक हुँदै भने । स्टार्मरका अनुसार नयाँ लेबर पार्टी नेता चयन प्रक्रिया आगामी जुलाईमा सुरु हुनेछ । नयाँ नेता छनोट नभएसम्म उनी प्रधानमन्त्रीको जिम्मेवारीमा रहनेछन् । नयाँ नेता सेप्टेम्बरभित्र चयन हुने अपेक्षा गरिएको छ । सन् २०२४ मा लेबर पार्टीलाई आमनिर्वाचनमा विजय दिलाउँदै प्रधानमन्त्री बनेका स्टार्मरको कार्यकाल नीतिगत परिवर्तन र घट्दो जनसमर्थनका कारण चुनौतीपूर्ण बनेको थियो ।

# थुलुङ डेन्टलमा चित्रकला, उत्कष्ट १३ जना पुरस्कृत




**दमक/** यहाँस्थित दमक थुलुङ डेन्टल केयरले बालबालिकाहरूको क्षमता अभिबृद्धिका लागि सञ्चालन गरेको चित्रकला प्रतियोगिताका उत्कृष्ठ १३ जना बालबालिकालाई पुरस्कृत गरेको छ । बालबालिकाहरूलाई उपचारसंगै पेन्टिङ र कलरिङतर्फ सिकाई कार्यमा सहयोग पुरयाँउन डेन्टलले गतवर्षदेखि यस किसिमको प्रतियोगिता सञ्चालन गरिआएको छ । दमक ६ मा रहेको उक्त डेन्टलले दन्त रोगको उपचारमा विशेषज्ञ सेवा उपलब्ध गराउदै आएको छ ।

डेन्टलकी सञ्चालक समेत रहेकी दन्त रोग विशेषज्ञ डाक्टर सोफिया थुलुङले बालबालिकामा हुदै आएको दन्त सम्बन्धी विभिन्न खाले स्वास्थ्य समस्याको सुलभ उपचार तथा उचित परामर्श संगै चित्रकला प्रतियोगिता गरिआएको बताईन् । यसले बालबालिकाहरूको सिकाई कृयाकलापमा समेत सहयोग पुग्ने उनको भनाई छ ।

उनका अनुसार डेन्टलले बालबालिकाको उपचार मात्रै गर्दैनन्, बालबालिकाहरूलाई सिकाई कार्यमा प्रोत्साहित गर्न चित्रकला प्रतियोगिता गरेर फरक कार्यक्रम गरिआएको छ ।

यसैवीच, शनिबार दमक-६ स्थित डेन्टल परिषरमा संक्षिप्त कार्यक्रम गरि उत्कृष्ट १३ जना बालबालिकहरूलाई पुरस्कृत गरिएको छ । यसरी पुरस्कृत हुनेहरूमा अल्फा नेपाल, सेलिना श्रेष्ठ, सजना लिम्बू, नरदेम गुरूङ, सयौन चम्लागाई, सेलिमा राई, प्रशंषा आचार्य, सौजन लिम्बू लगायत छन् ।

उनीहरूलाई डाक्टर थुलुङ ,उनकी आमा सावित्रादेवी प्रधान थुलुङले पुरस्कार वितरण गरेकी थिईन् ।

डाक्टर थुलुङले बालबालिकाहरूको सृजनात्मक क्षमताको विकास गर्न यस्ता कार्यक्रमहरूले सहयोग पुग्ने बताउँछिन् । डेन्टलमा आएका बालबालिकाहरूलाई नकारात्मक गतिविधि निरूत्साहित गर्न यस कार्यक्रमले सहयोग पुग्ने उल्लेख गरिन् ।

कार्यक्रममा लाइफ लाइन अस्पतालकी स्त्री रोग विशेषज्ञ डाक्टर सिता राई, दमक बहुमुखी क्याम्पसका प्राध्यापक पारषमणी आचार्य, पत्रकार कमल देवान, दमक उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष रूवल अधिकारी, दमक तेक्वान्दो डोजाङका अध्यक्ष जीतु धिमाल, सामाजिक अगुवा तीर्थराज बस्नेत लगायतको उपस्थिति रहेको थियो । डाक्टर थुलुङका दिवगंत पिता डाक्टर सहदेब थुलुङ दमकका पूराना डाक्टर हुन् ।

# पाँचथरको गुराँसेमा आकर्षक माङहिम निर्माण अन्तिम चरणमा



पाँचथरको गुराँसे माङहिम धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै पाँचथर । पाँचथरको हिलिहाङ गाउँपालिका-६ गुराँसेमा निर्माणाधीन आत्मा पवित्र गुराँसे माङहिम (मन्दिर) धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । स्थानीय स्रोत-सामग्रीको प्रयोग गरी आठ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको माङहिमका विभिन्न संरचनाहरू अन्तिम चरणमा पुगेका छन् ।

मेची राजमार्ग नजिकै रहेको रमणीय स्थानमा निर्माण भइरहेको माङहिमसँगै आकर्षक अग्निकुण्ड र अन्य संरचनाले क्षेत्रको महत्व बढाएको छ । हालै इलामको माङ्सेबुङबाट ल्याइएको सोह्रौं राष्ट्रराष्ट्रिय विभूति महागुरु फाल्गुनन्द लिङ्देनको साढे सात फिट अग्लो प्रतिमा स्थापना गरिएपछि धार्मिक पर्यटकको आकर्षण थप बढेको छ । एउटै ढुङ्गा कुँदेर बनाइएको उक्त प्रतिमा निर्माणमा १५ लाख रुपैयाँ र स्थापना गर्न थप तीन लाख रुपैयाँ खर्च भएको वडाध्यक्ष गणेशप्रसाद योङहाङले जानकारी दिए ।

वि.सं. २०७३ सालमा २५ हजार रुपैयाँको प्रारम्भिक बजेटबाट सुरु भएको माङहिम निर्माण कार्य हालसम्म करिब एक करोड रुपैयाँ खर्च भइसकेको छ । कुल एक करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको परियोजनामा अझै भित्री संरचना, सिँढीमार्ग, घेराबारा तथा ढलानलगायतका काम बाँकी छन् । निर्माणका लागि आवश्यक जग्गा स्थानीय परिवारहरूले निःशुल्क उपलब्ध गराएका थिए ।

माङहिम नजिकै लिम्बूवानका अन्तिम राजा हिलिहाङका फौज बस्ने ऐतिहासिक स्थल 'पुलुथुम्की' समेत रहेको छ । निर्माण समितिले माङहिम र पुलुथुम्कीलाई जोडेर समग्र क्षेत्रलाई धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा विकास गर्ने लक्ष्य लिएको छ ।

निर्माणका लागि आवश्यक अधिकांश रकम विभिन्न संघसंस्था, दानदाता, विदेशमा रहेका नेपाली तथा वैदेशिक रोजगारीमा रहेका नागरिकको सहयोगबाट जुटाइएको हो । हिलिहाङ गाउँपालिकाले पनि लगानी गर्दै आएको छ । गाउँपालिका अध्यक्ष समरबहादुर अधिकारीले प्रदेश र संघीय सरकारबाट पर्याप्त सहयोग नपाए पनि स्थानीय तहले परियोजनालाई प्राथमिकताका साथ अघि बढाइरहेको बताए । माङहिमको निर्माण सम्पन्न भएपछि वर्तमान किरात धर्मगुरु आत्मानन्द लिङ्देन र गुरुआमा पवित्रहाङ्मा लिङ्देनबाट औपचारिक उद्घाटन गर्ने तयारी गरिएको छ ।

**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, झापाको
**सुपर स्पेशियालिटी ओपीडी सेवाहरू**
**प्रत्येक शनिबार**

| | |
|---|---|
| १. डा. रामसागर शाह | : बरिष्ठ युरोलोजिष्ट |
| २. डा. खुश्बु प्रिया मिश्र | : बरिष्ठ ग्यास्ट्रोईन्टरोलोजी |
| ३. डा. सन्तोष सुवेदी | : बरिष्ठ नफ्रोलोजिष्ट |
| ४. डा. सम्पन्न बुढाथोकी | : बरिष्ठ कार्डियोलोजिष्ट |

सम्पर्क : ९८०१४१४२८६, ९८०१४१४२८३
समय : बिहान १० बजेदेखि २ बजेसम्म ।

**सूर्यकिरण बचत तथा ऋण सहकारी संस्था लि. दमक-६ झापाको**

**कर्जा नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०८३।०३।९ गते मगलबार*

यस सहकारी संस्थाबाट तपशीलमा उल्लेखित ऋणीले लिएको कर्जाको सावाँ, ब्याज, हर्जना रकम समेत तिर्न/बुझाउन पटक-पटक तरतागेता गर्दा समेत नतिरी/नबुझाइ ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (**कर्जाको सावाँ, ब्याज, हर्जना समेत**) चुक्ता गर्न हुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम तपशीलको धितोबाट कर्जा असुल उपर गरिने ब्यहोरा सम्बन्धित तपशीलका ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते**
ऋणीको नाम,थर : धनमाया अधिकारी (गुरागाई)
बाबु : पदमलाल अधिकारी
पति : लक्ष्मीप्रसाद गुरागाई
वतन : दमक-९,झापा

**जमानी बस्नेको नाम, थर, ठेगाना र तीन पुस्ते**

| | | | |
|---|---|---|---|
| नाम | : भोलानाथ ढकाल | नाम | : नेत्रप्रसाद रिजाल |
| बाबु | : पुण्यप्रसाद ढकाल | बुवा | : चेतनिय रिजाल |
| बाजे | : मदनप्रसाद ढकाल | बाजे | : रुपनारायण रिजाल |
| वतन | : दमक-९, झापा | वतन | : दमक-८, झापा |



**धितो दिएको जग्गाको विवरण :** झापा जिल्ला दमक-९ कि.नं. ८५९ क्षेत्रफल २०३.१६
कि.नं. ८५८ क्षेत्रफल १३५.४४

**ऋणीको नाम, थर, ठेगाना र तीन पुस्ते**
ऋणी को नाम थर : विरेन्द्र कुमार शेर्मा
बाबु : खड्ग बहादुर शेर्मा
बाजे : अन्न बहादुर शेर्मा
वतन : मिक्लाजुङ्ग ०२ पाँचथर (सप्तमी बजार)



**जमानी बस्नेको नाम थरः पदम कुमारी फियाक**
बाबु : जहर सिंह फियाक
बाजे : चतुरमान फियाक
श्रीमान : विरेन्द्र कुमार शेर्मा



**धितोमा दिएको जग्गाको विवरण झापा जिल्ला दमक ०१ कि. न.१२८१४, क्षेत्रफल :0-0-९.७५**

**सूर्यकिरण बचत तथा ऋण सहकारी संस्था लि.**
दमक-६, झापा (फोनः ०२१-४०००२९)

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल